# खानेपानी तथा सरसफाइ सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक

# २०७१

मस्यौदा

३१ दिसेम्बर २०१४

नेपाल सरकार

सहरी विकास मन्त्रालय

सिंहदरबार, काठमान्डौ

## खानेपानी तथा सरसफाइ सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: सुलभ, दिगो, भरपर्दो र नियमित खानेपानी तथा सरसफाइ सेवाद्वारा सबै नेपालीलाई सुरक्षित खानेपानी उपलब्ध गराउनाका साथै मानव मलमुत्र र फोहरपानीको सुरक्षित विसर्जनबाट जनस्वास्थ्य र वातावरणमा प्रतिकुल प्रभाव पर्न नदिन आवश्यक कानूनी ब्यवस्था गर्न बाञ्छनिय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (३) बमोजिम ब्यवस्थापिका संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "खानेपानी तथा सरसफाइ ऐन, २०७१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(ख) "उपभोक्ता" भन्नाले खानेपानी वा सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा प्राप्त गर्ने ब्यक्ति, संस्था वा निकाय संझनु पर्छ।

(क) "आयोजना" भन्नाले खानेपानी र सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा प्रदान गर्न भौतिक संरचनाको निर्माण वा पून: निर्माण वा बिस्तार वा सुधार र तत्संबन्धी अन्य कार्य गर्नको लागि संचालित आयोजना सम्झनु पर्छ।

(ग) "उपभोक्ता संस्था" भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा संस्थापित उपभोक्ता संस्था सम्झनु पर्छ।

(घ) "औद्योगिक उपयोग" भन्नाले औद्योगिक संस्थाहरुले बस्तु उत्पादन गर्ने प्रयोजनको लागि पानीको उपयोग संझनु पर्छ।

(ङ) "खानेपानी" भन्नाले पिउने प्रयोजनको लागि नेपाल सरकारले स्वीकृत गरेको गुणस्तर मानक बमोजिमको खानेपानीलाई जनाउंछ।

(च) **"खानेपानी सेवा"** भन्नाले खानेपानीको उत्पादन, सञ्चय, वितरण वा स्थानान्तर गरी उपभोक्तालाई पिउन वा अन्य घरेलु, सार्बजानिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले खानेपानीको थोक आपूर्ति तथा खानेपानी उपलब्ध गराउने प्रयोजनको लागि गरिने अन्य कार्यलाई समेत जनाउनेछ।

(छ) "खुल्ला दिशा-मुक्त क्षेत्र" भन्नाले सबै घर-परिवार, संस्था र सार्वजनिक स्थलहरुमा सबैको लागि चर्पीको सुबिधा उपलब्ध भएको भौगोलिक क्षेत्र सम्झनु पर्छ।

(ज) **"घरेलु उपयोग"** भन्नाले पिउन, हात–मुख धुन, नुहाउन, खाना पकाउन, लुगा धुन, बस्तुभाउलाई खुवाउन, करेसाबारीमा प्रयोग गर्न, चर्पीमा प्रयोग गर्न वा यस्तै अन्य घरायसी कामको लागि गरिने खानेपानीको उपयोग सम्झनु पर्छ।

(झ) **"जलाधार क्षेत्र"** भन्नाले मानविय कृयाकलापको कारणले खानेपानी सेवाको मुहानको पानीको परिमाण वा गुणस्तर वा प्रवाहमा प्रभाव पर्न सक्ने पानीको मुहानको वरपरको निर्धारित क्षेत्र सम्झनु पर्छ।

(ञ) **"ढलनिकास"** भन्नाले मानब मलमूत्र सहित वा रहितको फोहरपानीलाई सतही वा भूमिगत ढलप्रणालीबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ।

(ट) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) ‘‘फोहरपानी’’ भन्नाले खानेपानीको घरेलु, सार्वजनिक र संस्थागत उपयोग पश्चात निस्काशन हुने मानव मलमूत्र सहित वा रहित फोहरपानी सम्झनु पर्छ र सो शब्दले सो संगै मिसिएर आउने वर्षातको पानी समेतलाई जनाउनेछ।

(ड) **“पानी”** भन्नाले नदी, खोला, ताल, पोखरी, कुवा, ढुंगेधारा, मूल, वा यस्तै सतही वा अर्धसतही प्राकृतिक स्रोतबाट निःसृत पानी संझनु पर्छ र सो शब्दले भूमिगत स्रोत वा वर्षात वा हिंउ वा हुस्सुबाट आउने पानीलाई समेत जनाउंछ।

(ढ) **“विभाग”** भन्नाले खानेपानी तथा ढलनिकास विभाग सम्झनु पर्छ।

(ण) **“महसूल”** भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ता बाट लिन पाउने सेवाशुल्क सम्झनु पर्छ र सोशब्दले अतिरिक्त सेवाशुल्क तथा अन्य शुल्क समेतलाई जनाउनेछ।

(त) **“स्थानीय निकाय”** भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम गठन हुने महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउं विकास समिति संझनु पर्छ र सो शब्दले स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम गठन हुने जिल्ला विकास समितिलाई समेत जनाउंछ।

(थ) **“सरसफाइ सेवा”** भन्नाले जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न नदिन र स्वस्थ रहन ब्यक्तिगत, घरायसी र वातावरणिय स्वच्छता कायम गरी जन समुदायको स्वास्थ्यमा सुधार ल्याउन गरिने प्रवर्धनात्मक कृयाकलाप र घरेलु, संस्थागत तथा सार्बजनिक चर्पीको प्रवर्धन; मानव मलमुत्रको सेप्टीक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रमा स्थलगत सञ्चय, आवधिक संकलन, ढुवानी एवं सुरक्षित विसर्जन वा पुनर्उपयोग; र फोहरपानीको भुमिगत सोचन अथवा ढलनिकास प्रणालीद्वारा सुरक्षित विसर्जन वा पुनर्उपयोग गर्ने कार्य संझनु पर्छ र सो शब्दले सरसफाइ सेवा उपलब्ध गराउने प्रयोजनको लागि गरिने अन्य कार्य समेतलाई जनाउनेछ।

(द) “सम्बन्धित स्थानीय निकाय” भन्नाले सेवाक्षेत्रले समेटेको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउं विकास समिति संझनु पर्छ र सो शब्दले सेवाप्रणालीका कुनै पनि संरचना रहेका स्थानीय निकाय समेतलाई जनाउनेछ।

(ध) “संस्थागत उपयोग” भन्नाले सरकारी, सार्वजनिक, ब्यवसायिक तथा, ब्यापारिक संस्थाहरुमा गरिने खानेपानीको उपयोग संझनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुमा औद्योगिक उपयोग वाहेक अन्य काममा गरिने खानेपानीको उपयोग समेतलाई जनाउनेछ।

(न) “सार्बजानिक उपयोग” भन्नाले सार्बजनिक स्थल, उद्यान, अग्नी नियन्त्रण तथा सार्बजनिक मनोरञ्जन स्थलमा गरिने खानेपानीको सार्वजनिक उपयोग सम्झनु पर्छ।

(प) “सेवा” भन्नाले खानेपानी वा सरसफाइ सम्बन्धी कुनै वा सबै सेवा सम्झनु पर्छ।

(फ) “सेवाप्रणाली” भन्नाले उपभोक्तालाई खानेपानी वा सरसफाइ सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण वा जडान गरिएको पानीको मुहान, पानी वा ढलका पाइप, पानीपोखरी, जलाशय, सार्बजनिक सौचालय, पानी वा फोहरपानी प्रशोधन संयन्त्र, ढल निस्कासन संयन्त्र वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ।

(ब) “सेवाप्रदायक” भन्नाले यस ऐन र प्रचलित कानूनको अधिनमा रही महसूल लिई वा नलिई सेवा उपलब्ध गराउने ब्यक्ति वा संस्था वा निकाय सम्झनु पर्छ र सो शब्दले सेवाप्रदान गर्ने उपभोक्ता संस्था वा गैरसरकारी संस्था वा स्थानीय निकाय वा प्रचलित कानून बमोजिम सेवा प्रदान गर्न अनुमति प्राप्त गरी सेवा प्रदान गर्ने ब्यक्ति वा संस्थालाई समेत जनाउंछ।

(भ) "स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निस्रित हुने नदी, खोला, ताल, पोखरी, कुवा, ढुंगेधारा तथा मूल जस्ता सतही, अर्ध-सतही वा भूमिगत स्रोत सम्झनु पर्छ।

(म) "सेवाक्षेत्र" भन्नाले उपभोक्तालाई सेवा प्रदान गर्ने प्रयोजनको लागि निर्धारित भौगोलिक क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## पानीको स्रोत माथिको अधिकार र संरक्षण

३. पानीको स्रोत माथिको अधिकार:

(१) कुनै पनि पानीको स्रोत माथि राज्यको सार्बभौम अधिकार रहनेछ।

(२) कुनै ब्यक्ति वा संस्थाको निजी जग्गामा रहेको पानीको स्रोतमा त्यस्तो ब्यक्ति वा संस्थाले परम्परागत रुपमा उपयोग गर्दै आएको पानीको परिमाणको हदसम्मको पानीमा त्यस्तो ब्यक्ति वा संस्थाको अधिकार निहित रहनेछ।

तर सतहगत पानीको स्रोतको हकमा त्यस्तो स्रोतको समुचित विकास गरी सो स्रोतबाट अन्य ब्यक्ति वा समुदायलाई खानेपानी सेवा प्रदान गर्न पर्ने भएमा त्यस्तो ब्यक्ति वा संस्थाले उपयोग गरिरहेको पानीको परिमाणमा बिस प्रतिशत सम्म थप गरी छोडी दिई बांकी पानी अन्यत्र स्थानान्तरण गर्न वा अरुलाई उपयोग गर्न दिन वाधा पर्ने छैन।

(३) कुनै पनि पानीको स्रोतबाट एक भन्दा बढी ब्यक्तिले खानेपानी वा घरेलु उपयोगको लागि पानी उपयोग गरिरहेको भएमा त्यस्तो स्रोतलाई सार्बजनिक स्रोत मानिनेछ र त्यस्तो स्रोतमा निजहरुले उपयोग गरिरहेको परिमाणमा बिस प्रतिशत सम्म थप गरी हुन आउने परिमाणको हदसम्म निजहरुको हक निहित रहेको मानिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि स्रोतको पानी एक ठाउबाट अर्को ठांउमा स्थानान्तरण गर्न पर्ने भएमा त्यस्तो पानीको स्थानान्तरणबाट बातावरण तथा पर्यायवरणमा सारभुत रुपमा नकारात्मक प्रभाव नपर्ने गरी आवश्यक न्यूनतम पानी छोडेर मात्र स्थानान्तरण गर्नु पर्नेछ।

(५) कुनै पनि पानीको स्रोतको पानी एक ठाउबाट अर्कोठांउमा स्थानान्तरण गर्दा बातावरण तथा पर्यायवरणमा सारभुत रुपमा नकारात्मक प्रभाव नपर्ने कुराको निक्योल प्रचलित कानून बमोजिम पानीको स्रोतको उपयोग गर्न अनुमति दिने निकायले गर्नेछ।

४. खानेपानी मुहानको संरक्षण:

(१) प्रचलित कानून बमोजिम पानीको स्रोतको उपयोग गर्न अनुमति दिने निकायले त्यस्तो अनुमति दिंदा खानेपानीको मुहानको जलाधार क्षेत्रको चारकिल्ला तोकेर मात्र दिनु पर्नेछ।

(२) यो ऐन लागु हुनु अगावै देखि निर्माणका क्रममा रहेका खानेपानी आयोजनावा संचालन भै रहेका खानेपानी सेवाप्रणालीसंग सम्बन्धित संस्था वा निकाय वा सेवाप्रदायकले यो ऐन लागु भएको २ वर्ष भित्र उपनियम (१) बमोजिम जलाधार क्षेत्र तोक्न लगाई सक्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएको चारकिल्ला भित्र कसैले पनि मुहानको पानीको परिमाण वा गुणस्तर वा प्रवाहमा प्रभाव पर्ने गरी कुनै काम गर्नु गराउन हुंदैन।

(४) उपदफा (१) र (२) बमोजिम जलाधार क्षेत्र तोकिंदा सम्बन्धित संस्था वा निकाय वा सेवाप्रदायकलाई आवश्यक परे नेपाल सरकारले प्रचलित कानून बमोजिम निजी घर, जमीन-जग्गा अधिग्रहण गराईदिन सक्नेछ र कसैलाई कुनै प्रकारले हुने हानि नोक्सानीको भर्पाई समेत गरिदिनु पर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम जलाधार क्षेत्र तोक्ने कार्य प्रचलित कानून बमोजिम पानीको स्रोतको उपयोग गर्न अनुमति दिने निकायको हुनेछ।

५. पानीको स्रोतको संरक्षण:

(१) आफ्नो भौगोलिक क्षेत्रमा पर्ने पानीको स्रोतको संरक्षण गर्ने अधिकार तथा दायित्व सम्बन्धित स्थानीय निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिम स्रोत संरक्षण गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय निकायले देहायका कुनै वा सबै काम गर्न सक्नेछ।

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी पैरोको नियन्त्रण गर्ने;

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने;

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न बृक्षारोपणगर्ने, गराउने;

(घ) पानीको मूल, मुहान वा स्रोतमा फोहरपानी निस्कासन गर्न वा मिसाउन रोक लगाउने;

(ङ) पानीको संरक्षण, सम्बर्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने; र

(च) तोकिए बमोजिमको अन्य काम गर्ने।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सेवाप्रदायकले सेवा प्रदान गर्दा खानेपानीको मुहानको जलाधार क्षेत्रको संरक्षण सम्बन्धमा सम्बन्धित स्थानीय निकायसंग समन्वय गरी आवश्यक र उपयुक्त ब्यवस्था गर्नु पर्नेछ।

६. आयोजना निर्माण गर्न स्विकृति लिनु पर्ने:

(१) प्रचलित कानूनमा अन्यथा ब्यवस्था भएकोमा बाहेक कसैले पनि यस ऐन बमोजिम विभाग वा विभागले तोकि दिएको अधिकारीबाट तोकिए बमोजिम स्विकृति नलिई सेवाप्रदान गर्ने उदेश्यले आयोजनाको निर्माण गर्न हुदैन।

तर यो ऐन प्रारम्भ हुंदा नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारले स्थापना गरेको कुनै संस्थाले कुनै आयोजनाको निर्माण गरिरहेको भएमा ऐन

प्रारम्भ भएको मितिले ६ महिना भित्रर ऐन प्रारम्भ भएपछि निर्माण गर्नु परेमा निर्माण गर्नु अघि आयोजना सम्बन्धी तोकिए बमोजिमको बिवरण सहितको जानकारी विभाग वा विभागले तोकिदिएको अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले परम्परा देखी उपयोग गरिरहेको स्रोतको पानीलाई निजी प्रयोगको लागि ब्यवस्थित गर्न यस ऐनले वाधा पारेको मानिने छैन।

(३) आयोजना निर्माणका लागि स्विकृति लिने प्रकृया र कार्यविधी तोकिए बमोजिम हुनेछ।

(४) यो] ऐन लागु हुंदा निर्माण क्रममा रहेका आयोजना पनि विभाग वा विभागले तोकिदिएको अधिकारी समक्ष तोकिए बमोजिम दर्ता गरी-गराई अध्यावधिक गराउनु पर्नेछ।

७. <u>पानी उपयोग गर्न अनुमति लिनुपर्ने</u> :

(१) खानेपानी आयोजना निर्माण गर्दा पानीको स्रोत उपयोग गर्नको लागि प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) सञ्चालनमा रहेका खानेपानी सेवाप्रणालीका पानीको स्रोतका सम्बन्धमा भने त्यसरी सञ्चालन गर्ने गरी सेवाप्रणाली हस्तान्तरण वा संझौता गरी लिंदा भएको हस्तान्तरण वा संचालन संझौतामा उल्लेख भए बमोजिम हुनेछ।

८. <u>फोहरपानी विसर्जन गर्न अनुमति लिनु पर्ने:</u>

(१) सरसफाइ आयोजना निर्माण गर्दा फोहरपानी सतहगत वा भुमिगत पानीको स्रोतमा वा कृषि योग्य जमिनमा बिसर्जन गर्नको लागि प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

तर कसैले आफनो घरपरिसरको फोहरपानी आफ्नै घरपरिसरमा भुमिगत सोचन विधिबाट वा कृषि योग्य जमिनमा विसर्जन गर्न यस्तो अनुमति लिईरहनु पर्ने छैन।

(२) सञ्चालनमा रहेका सरसफाइ सेवाप्रणालीको फोहरपानी विसर्जन गर्ने पानीको स्रोत वा कृषि योग्य जमिनका सम्बन्धमा भने त्यसरी सञ्चालन गर्ने गरी सेवाप्रणाली हस्तान्तरण वा संझौता गरी लिंदा भएको हस्तान्तरण वा संचालन सम्बन्धी संझौतामा उल्लेख भए बमोजिम हुनेछ।

९. सेप्टीक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रबाट निकालिने मानव मलमुत्रको विसर्जन गर्न अनुमति लिनु पर्ने:

(१) सरसफाइ आयोजना निर्माण गर्दा सेप्टीक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रबाट आवधिक रुपमा निकालिने मानव मलमुत्र सार्वजनिक जग्गामा बिसर्जन गर्नको लागि प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) सञ्चालनमा रहेका सरसफाइ सेवाप्रणालीको सेप्टीक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रबाट आवधिक रुपमा निकालिने मानव मलमुत्र विसर्जन गर्ने सार्वजनिक जग्गाका सम्बन्धमा भने त्यसरी सञ्चालन गर्ने गरी सेवाप्रणाली हस्तान्तरण वा संझौता गरी लिंदा भएको हस्तान्तरण वा संचालन सम्बन्धी संझौतामा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-३

## आयोजना निर्माण तथा सञ्चालन सम्बन्धी ब्यवस्था

१०. नेपाल सरकारले आयोजना निर्माण गर्न सक्ने :

(१) सबै नेपालीलाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु नेपाल सरकारको दायित्व हुनेछ।

(२) नेपाल सरकारले विभाग वा अन्य सरकारी निकाय मार्फत खानेपानी वा सरसफाइ सम्बन्धी सेवा उपलब्ध गराउने प्रयोजनको लागि आयोजना कार्यान्वयन गर्न-गराउन सक्नेछ।

(३) नेपाल सरकारले आयोजना कार्यान्वयन गर्दा तोकिए बमोजिम स्थानीय उपभोक्ताको सहभागिता वा सम्बन्धित स्थानीय निकायको संलग्नता वा निजी सार्बजानिक साझेदारीमा कार्यान्वयन गर्न-गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम आयोजना कार्यान्वयन गर्दा नेपाल सरकारले आयोजनाको प्राविधिक जटिलता र सामाजिक-आर्थिक अवस्था समेत बिचार गरी आयोजना निर्माण लागतको केही अंश उपभोक्ता तथा सम्बन्धित स्थानीय निकायले ब्यहोर्ने गरी कार्यान्वयन गर्ने ब्यवस्था गर्न-गराउन सक्नेछ।

(५) खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने प्रयोजनको लागि अन्य कुनै निकायले खानेपानी तथा सरसफाइ आयोजनाको विकास तथा निर्माण गर्ने वा गराउने भएमा विभागसंग समन्वय गरेर मात्र गर्नु पर्नेछ र त्यसमा विभागले आवश्यक सहयोग तथा सहजिकरण गरिदिनेछ।

(६) यस दफा बमोजिम विभागले खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन गर्दा अवलम्बन गर्ने कार्यविधी तोकिए बमोजिम हुनेछ।

११. <u>आयोजना बर्गिकरण गरी निर्माण गर्न गराउन सकिने</u>:

(१) यो ऐन लागु भए पछि निर्माण हुने आयोजनाको हकमा त्यस्तो आयोजनाको निर्माण लागत, सेवास्तर, सेवाक्षेत्र, प्राविधिक जटिलता तथा भौगोलिक अवस्थिति समेत बिचार गरी नेपाल सरकारले आयोजनाको बर्गिकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बर्गिकरण गर्दा केन्द्रीय वा स्थानीय स्तरबाट निर्माण हुने कुरा स्पष्ट तोकि आयोजना बर्गिकरण गरी निर्माण गरिनेछ।

(३) उपदफा (२) बमोजम बर्गिकरण गर्ने तथा आयोजना कार्यान्वयन सम्बन्धमा अवलम्बन गर्ने प्रकृया तोकिए बमोजिम हुनेछ।

१२. <u>आयोजना निर्माण गर्दा सेवाक्षेत्र तोक्नु पर्ने</u>:

कुनै पनि निकायले आयोजना निर्माण गर्दा तोकिए बमोजिमको मापदण्डको आधारमा सो आयोजनाले ओगट्ने सेवाक्षेत्र तोक्नु पर्नेछ र आयोजनाको आर्थिक, प्राविधिक तथा

वातावरणिय सम्भाब्यता अध्ययन र मुल्यांकन गर्दा त्यसरी तोकिएको सेवाक्षेत्रलाई आधार लिईनेछ।

१३. बिना भेदभाव सेवा उपलब्ध गराउनु पर्नेः

(१) आयोजना वा सेवाप्रणाली निर्माण तथा संचालन गर्दा सेवाक्षेत्रका सबै बासिन्दाले बिना भेदभाव सेवा पाउन सक्ने उचित र आवश्यक ब्यवस्था गरेको हुनु पर्नेछ।

तर निरपेक्ष गरिबीको रेखा मुनी रहेका वा आर्थिक रुपमा असक्षम ब्यक्ति वा घरधुरीलाई धारा जडान, चर्पी निर्माण, ढल जडान, महसूल आदिमा सहुलियत दिइएकोलाई भेदभाव गरेको मानिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक, ब्यापारिक वाब्यवसायिक, वा संस्थागत उपभोक्तालाई खानेपानी उपलब्ध गराउदा पानीको परिमाणात्मक उपयोग तथा पानी उपयोग गरे पश्चात निस्कने फोहरपानीको ब्यवस्थापन सम्बन्धमा त्यस्तो उद्योग वा ब्यवसायिक संस्थासंग छुट्टै संझौता गरी सेवा प्रदान गर्न-गराउन बाधा पर्ने छैन।

१४. विभागको काम, कर्तब्य र अधिकारः

खानेपानी रसरसफाइ सम्बन्धी आयोजनाहरुको निर्माण, पुनर्निमाण, सुधार तथा बिस्तारको निमित्त विभागले देहाय बमोजिमका कामहरु गर्न गराउन सक्नेछः

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी स्विकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने र स्विकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने;

(ख) आयोजनाहरु निर्माण गर्नका लागि तोकिए बमोजिम स्विकृति दिने;

(ग) निर्माण हुने आयोजनाहरुका लागि आवश्यकता अनुसार जिल्ला स्थित कार्यालय मार्फत प्राविधिक सेवा उपलब्ध गराउने;

(घ) नेपाल सरकारको स्रोतबाट वा नेपाल सरकारको स्विकृती अनुसार उपलब्ध गराइएको स्रोतबाट निर्माण सम्पन्न भएका आयोजनाको सेवाप्रणालीको स्वामित्व नेपाल

सरकार आफैमा वा तोकिए बमोजिम अन्य निकाय वा संस्थामा रहने गरी सम्बन्धित स्थानीय निकाय वा उपभोक्ता संस्थालाई सेवा संचालन तथा ब्यवस्थापनको लागी सेवाप्रणाली हस्तान्तरण गराई दिगो सञ्चालन र ब्यवस्थापनको लागि सहजिकरण गर्ने गराउने;

(ङ) सेवा सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई नेपाल सरकारबाट स्वीकृति गराई लागु गर्ने गराउने;

(च) आयोजनाहरुको प्राविधिक डिजाइन र सेवाको स्तर तोकिए बमोजिम भए नभएको अनुगमन गर्ने र नभएको पाइएमा तोकिएको स्तर कायम गर्न लगाउने;

(छ) खानेपानी वा सरसफाइ सेवा सञ्चालन गर्न तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्ने ब्यवस्था गरी सो बमोजिम जिल्लाबाटै अनुमतिपत्र दिने ब्यवस्था गर्ने र सोको सञ्चालनको अनुगमन गर्न आवश्यक ब्यवस्था गर्ने;

(ज) सञ्चालन भइरहेका सेवाप्रणाली भुकम्प र बाढीपैरो जस्ता प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त भई सेवा अवरुद्ध हुन गएमा अस्थाई आपात्कालिन सेवा सञ्चालन गरी सेवाप्रणाली पुनर्स्थापन गर्न आवश्यक सहयोग गर्ने;

(झ) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड र स्तर बमोजिम सेवा प्रदान भए नभएको अनुगमन गर्ने;

(ञ) सञ्चालन भइरहेका सेवाप्रणाली बाढीपैरो जस्ता प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त भई सेवा अवरुद्ध भएमा वा सेवा सञ्चालन हुन नसक्ने अवस्था भएमा त्यस्ता प्रणालीहरुको मर्मत सम्भार वा पूनर्निमाणको लागि आवश्यक सहयोग गर्ने;

(ट) अयोजना कार्यान्वयन तथा सेवा सञ्चालन सम्बन्धी सूचना प्रणाली स्थापना गरी सञ्चालन गर्ने र त्यसलाई समयसमयमा अध्यावधिक गरी आवधिक रुपमा सार्वजनिक गर्ने;

(ठ) खानेपानी तथा सरसफाइको क्षेत्रमा आवश्यक पर्ने प्राविधिक जनशक्ति प्रक्षेपण गरी त्यस्तो जनशक्ति विकासको लागि आवश्यक कार्यक्रम तयार गर्ने र सञ्चालन गर्ने;

(ड) केन्द्रिय स्तरबाट निर्माण गरिने ठुला आयोजनाहरुको लागि आवस्यक विशेषज्ञ सेवा उपलब्ध गराउने;

(ढ) खानेपानी सुरक्षा योजना लागू गराउन सेवाप्रदायकहरुलाई सहजिकरण गर्ने; र

(ण) तोकिए बमोजिमका अन्य कामहरु गर्ने गराउने।

१५. स्थानीय निकायसंग समन्वय गर्नु पर्ने:

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए ता पनि कसैले पनि आयोजना निर्माण, सञ्चालन र ब्यवस्थापन गर्दा सम्बन्धित स्थानीय निकाय र जिल्ला विकास समितिसंग समन्वय गरेर गर्नु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजना सम्बन्धी डिजाइन तथा लागत अनुमान र निर्माण कार्यतालिका सहितको विवरण सम्बन्धित स्थानीय निकाय र जिल्ला विकास समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(३) कुनै पनि सरकारी वा गैरसरकारी निकायले आयोजना निर्माण वा सेवा प्रदान गर्ने प्रयोजनको लागि रकम उपलब्ध गराउंदा सम्बन्धित स्थानीय निकाय र जिल्ला विकास समितिलाई जानकारी दिनु पर्नेछ।

(४) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको आवधिक प्रतिबेदन तथा निर्माण सम्पन्न भए पछि आयोजना संपन्न प्रतिबेदन सम्बन्धित स्थानीय निकाय र जिल्ला विकास समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(५) आफ्नो भौगालिक क्षेत्र भित्र निर्माण वा सञ्चालन भइरहेका आयोजना वा सेवाप्रणालीको अनुगमन गरी आवश्यक समन्वय र सहयोग गर्नु तथा सेवा सञ्चालन सुचारु गर्नु गराउनु सम्बन्धित स्थानीय निकाय र जिल्ला विकास समितिको कर्तब्य हुनेछ।

१६. स्थानीय निकायले आयोजनाको निर्माण तथा सञ्चालन गर्न सक्ने:

(१) स्थानीय निकायले आफनो प्रशासनिक क्षेत्र भित्र खानेपानी वा सरसफाइ सेवा पुऱ्याउन आयोजना कार्यान्वयन गर्न सक्नेछ।र त्यसरी आयोजना कार्यान्वयन

गर्दा उपभोक्ता संस्था गठन गरी सो मार्फत समेत समेत कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय निकायले आयोजना कार्यान्वयन गर्दा सो कुराको जानकरी विभाग वा विभागले तोकेको अधिकारीलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आयोजना निर्माण सम्पन्न भए पछि सम्बन्धित स्थानीय निकायले आफैले वा उपभोक्ता समुह गठन गरी गराई वा कुनै सेवाप्रदायकबाट सेवा सञ्चालन गर्न गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय निकायले सेवा सञ्चालन गर्दा सेवाप्रदायकलाई लागु हुने शर्तहरु लागु हुनेछन्।

१७. स्थानीय निकाय जमानी बस्न सक्ने:

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए ता पनि उपभोक्ता संस्थाले प्रचलित कानूनको अधिनमा रही आयोजना निर्माण गरी सेवा संचालन गर्ने भएमा र त्यस्तो सेवा लगानी असूलीको आधारमा गर्ने भई आयोजना निर्माणको लागि वित्तिय संस्थाबाट ऋण लिनु पर्ने भई संस्थागत जमानत आवश्यक परेमा म्बन्धित स्थानीय निकाय वा जिल्ला विकास समिति वा दुवैले जमानी बसीदिन सक्नेछन्।

तर त्यसरी जमानी बस्दा आयोजनाको वित्तिय विवरण सन्तोषजनक भएमा र सो ऋण तिर्नउ पयुक्त ब्यवस्था गरिएको भएमा मात्र स्थानिय निकाय जमानी बसीदिन सक्नेछ।

१८. सामुदायिक वा गैरसरकारी संस्थाले वा अन्य निकायले आयोजनाको निर्माण तथा संचालन गर्न सक्ने:

(१) कुनै पनि सामुदायिक वा गैरसरकारी संस्थाले खानेपानी वा सरसफाइ सम्बन्धी सेवा उपलब्ध गराउने प्रयोजनको लागि तोकिए बमोजिम स्विकृति लिई आयोजना निर्माण गरी सेवा सञ्चालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्नु अघि विभाग वा विभागले तोकेको अधिकारीबाट तोकिए बमोजिम स्विकृति लिनु पर्नेछ।

१९. सार्बजानिक निजी साझेदारीमा आयोजना निर्माण तथा सेवा सञ्चालन गर्न सकिने:

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विभाग वा कुनै सरकारी निकाय वा सम्बन्धित स्थानीय निकायले प्रचलित कानूनको अधिनमा रही सार्बजानिक-निजी साझेदारीमा आयोजनाको विकास, निर्माण तथा सेवा सञ्चालन गर्न सक्नेछ।

२०. सम्पन्न आयोजनाको सेवाप्रणालीको स्वामित्व र सञ्चालन:

(१) सामान्यतया विभाग वा अन्य कुनै सरकारी निकायले निर्माण गरेको आयोजना सरकारको स्वामित्वमा रहनेछ।

तर नेपाल सरकारले चाहेमा त्यस्तो आयोजनाको स्वामित्व तोकिए बमोजिम सम्बन्धित स्थानीय निकाय वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको उपभोक्ता संस्था वा अन्य कुनै निकायलाई हस्तान्तरण गरिदिन सक्नेछ।

(२) यस ऐन बमोजिम स्विकृतितिलिई आयोजना निर्माण गर्ने अन्य कुनै पनि निकाय वा संस्था आफैंले सेवाप्रणाली सञ्चालन गरी सेवा प्रदान नगर्ने भएमा त्यस्ता आयोजनाहरुको स्वामित्व पुर्व सहमति बमोजिम सम्बन्धित स्थानीय निकाय वा उपभोक्ता संस्थामा हस्तान्तरण गर्नु पर्नेछ।

(३) सामान्यतया विभाग वा अन्य कुनै सरकारी निकायले निर्माण गरेको आयोजनाको सञ्चालन तथा ब्यवस्थापन उपभोक्ता संस्थाले तोकिए बमोजिम गर्नेछ।

तर, नेपाल सरकारले चाहेमा त्यस्तो आयोजनाको संचालन तथा ब्यवस्थापनको जिम्मेवारी सम्बन्धित स्थानीय निकाय वा खानेपानी तथा सरसफाइ सेवा प्रदान

गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको अन्य कुनै निकायलाई हस्तान्तरण गरिदिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कुनै निकाय वा संस्थाले सेवाप्रणालीको स्वामित्व वा संचालन तथा ब्यवस्थापन हस्तान्तरण गर्दा सम्बन्धित पक्षहरुसंग तोकिए बमोजिम संझौता गर्नु पर्नेछ र एक प्रति संझौता सहित त्यसको जानकारी विभागलाई दिनु पर्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम सञ्चालन तथा ब्यवस्थापनको लागि हस्तान्तरण गरिएको सेवाप्रणाली हस्तान्तरण गरिलिने संस्थाले सम्झौता बमोजिम सञ्चालन तथा ब्यवस्थापन गर्न नसकेमा सम्बन्धित स्थानीय निकायले विभागसंग परामर्श गरी संस्थाको ब्यवस्थापनमा आवश्यक पुनर्गठन गरी सञ्चालन गराउन वा सो संझौता रद्द गरी अन्य संस्थासंग संझौता गरी सञ्चालनको जिम्मा दिन सक्नेछ।

तर, त्यसरी ब्यवस्थापनमा पुनर्गठन गर्दा वा संझौता रद्द गर्दा तत्काल कायमरहेको ब्यवस्थापनलाई मनासिब माफिकको सफाइको मौका दिनु पर्नेछ।

(६) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुंदाका बखत उपभोक्ता संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थालाई सेवाप्रणाली हस्तान्तरण गरी सेवा सञ्चालन तथा ब्यवस्थापन भई रहेकोमा त्यस्तो सेवाप्रणालीको समेत तोकिए बमोजिम अन्य निकाय वा संस्थालाई स्वामित्व हस्तान्तरण गर्न सकिनेछ।

(७) माथि उपदफा (१) (२) र (३) बमोजिम स्थानीय निकायमा सेवाप्रणालीको स्वामित्व वा सञ्चालन तथा ब्यवस्थापन हस्तान्तरण गर्दा आयोजनाको सेवाक्षेत्रले एक भन्दा बढी स्थानीय निकाय समेटेको भएमा कुल लाभान्वित जनसंख्याको ३० प्रतिशत भन्दा बढी जनसंख्या लाभान्वित हुने स्थानीय निकायहरुमा स्वामित्व वा सञ्चालन तथा ब्यवस्थापनको जिम्मा संयुक्त रुपमा रहने गरी हस्तान्तरण गरिनेछ।

## परिच्छेद-४

## सेवाप्रदायक र सेवा सञ्चालन सम्बन्धी ब्यवस्था

२१. सेवा प्रदायक सम्बन्धी ब्यवस्था:

(१) खानेपानी वा सरसफाइ सम्बन्धी सेवाप्रदान गर्ने सेवाप्रदायक प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा दर्ता भएको हुनु पर्नेछ।

(२) प्रचलित कानूनमा अन्यथा ब्यवस्था भएकोमा बाहेक कुनै पनि संगठित संस्थाले सेवाप्रदायकको रुपमा खानेपानी वा सरसफाइ सेवाप्रदान गर्ने भएमा त्यस्तो सेवा सञ्चालन गर्नु अघि तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए ता पनि यो ऐन प्रारम्भ हुदाका बखत वा पछि प्रचलित कानून बमोजिम सेवाप्रदायकको रुपमा काम गरिरहेको वा गर्न पाउने संगठित संस्थाले तोकिए बमोजिमको बिवरण विभाग वा विभागले तोकेको अधिकारीलाई दिनु पर्नेछ।

२२. सेवाप्रणाली ब्यवस्थापन करारमा लिन दिन सकिने:

(१) निर्माण सम्पन्न भएको खानेपानी वा सरसफाइ सम्बन्धी आयोजनाको सेवाप्रणाली निजी क्षेत्रको कुनै संगठित संस्थाले ब्यवस्थापन करारमा लिई संचालन गर्न चाहेमा उपभोक्ताको हितमा प्रतिकुल असर नपर्ने गरी तोकिए बमोजिम सेवाप्रणाली ब्यवस्थापन करारमा लिन दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सेवाप्रणाली उपभोक्ता संस्थाले ब्यवस्थापन करारमा लिई सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम ब्यवस्थापन करारमा लिई सेवाप्रणाली सञ्चालन गर्ने संस्थाको काम, कर्तब्य र दायित्व सेवाप्रदायक सरह हुनेछ।

२३. पिउन योग्य पानी आपूर्ति गर्नु पर्ने:

सेवाप्रदायकले खानेपानी सेवा प्रदान गर्दा सेवाप्रणालीबाट आपूर्ति गरिने पानी पिउन योग्य हुनु पर्नेछ।

तर त्यसरी वितरण गरिने खानेपानीको सम्वन्धमा यस ऐन वा प्रचलित कानून बमोजिम कुनै गुणस्तर मानक तोकिएको भएमा सेवाप्रदायकले सोही बमोजिम गुणस्तर कायम गरी खानेपानी वितरण गर्नु पर्नेछ।

२४. फोहरपानी सुरक्षित विसर्जन गर्नु पर्ने:

(१) सेवाप्रदायकले ढलनिकास प्रणालीद्वारा सरसफाइ सेवा प्रदान गर्दा फोहरपानीलाई सतहगत वा भुमिगत पानीको स्रोतमा वा कृषि योग्य जग्गामा विसर्जन गर्न हुंदैन।

(२) फोहरपानीलाई सतहगत वा भुमिगत पानीको स्रोतमा वा कृषि योग्य जमिनमा विसर्जन गर्दा फोहरपानीको सम्बन्धमा यस ऐन वा प्रचलित कानून बमोजिम कुनै गुणस्तर मानक तोकिएको भएमा सोही बमोजिम गुणस्तर कायम गरी सुरक्षित बिसर्जन गर्नु पर्नेछ।

२५. सेप्टीक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रबाट निस्कने मानव मलमुत्र सुरक्षित विसर्जन गर्न पर्ने:

(१) सेवाप्रदायकले सेप्टीक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रबाट आवधिक रुपमा निकालिने मानव मलमुत्रलाई पानीको स्रोतमावा सार्वजनिक जग्गामा वा कृषि योग्य जग्गामा विसर्जन गर्न हुंदैन।

(२) मानव मलमुत्रलाई पानीको स्रोतमा वा मानव मलमुत्र सार्वजनिक जग्गामा वा कृषि योग्य जग्गामा बिसर्जन गर्दा मानव मलमुत्रको सम्बन्धमा यस ऐन वा प्रचलित कानून बमोजिम कुनै गुणस्तर मानक तोकिएको भएमा सोही बमोजिम गुणस्तर कायम गरी सुरक्षित बिसर्जन गर्नु पर्नेछ।

२६. सेवाप्रदायकले उठाउन पाउने शुल्क सम्बन्धी ब्यवस्था:

(१) सेवाप्रदायकले आफूले उपलब्ध गराएको सेवा वापत तोकिए बमोजिम सेवा शुल्क वा महसूल निर्धारण गरी उपभोक्ताबाट उठाउन सक्नेछ।

तर त्यसरी महसूल निधारण गर्दा प्रचलित कानून बमोजिम नियमन निकायबाट सेवाशुल्क वा महसूल दर स्विकृत गराउनु पर्ने भएमा त्यस्तो स्विकृति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले खानेपानी सेवाप्रदायकले उपभोक्तालाई नियमित सेवा उपलब्ध गराउन नसकेमा त्यस्तो सेवा उपब्ध गराउन नसकेको अबधिको सेवाशुल्क वा महसूल लिन पाइने छैन।

तर त्यस्तो सेवाप्रदायक नाफा-मुलक संस्था भएमा नियमित सेवा उपलब्ध नभए सम्म सेवाप्रदायकले टैंकरद्वारा ढुवानी गरी प्रति ब्यक्तिको लागि तोकिएको न्युनतम परिमाणमा खानेपानीको दैनिक रुपमा निर्धारित शुल्क लिई उपभोक्तालाई पायक पर्ने ठाँउमा उपलब्ध गराउनु पर्नेछ।

(३) उपभोक्ता संस्था वा कुनै गैरनाफामुलक संस्था वा स्थानीय निकायले सेवा प्रदान गर्ने भएमा भौगोलिक अवस्था, सेवाको उपयोगको मात्रा, उपभोक्ताको क्रयशक्ति समेतका आधारमा सेवाशुल्क वा महसूल दर निर्धारण गरी असुलउपर गर्न सक्नेछ।

तर त्यसरी निर्धारण गरेको सेवाशुल्क वा महसूल दर तोकिए बमोजिमको नियमन निकायबाट स्विकृत गराउ पर्ने भएमा त्यस्तो स्वीकृति लिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले महसूल नलगाउने गरी सेवाप्रणालीको सञ्चालन तथा ब्यवस्थापन गरेकोमा सो सेवाप्रणालीको सञ्चालन, मर्मत संभार तथा स्रोत संरक्षणको लागि आवश्यक शुल्क लगाई असुल गर्न बाधा पर्ने छैन।

(५) यस दफा बमोजिम सेवाशुल्क वा महसूल निर्धारण गर्दा सेवाप्रणालीको निर्माणको लागि ऋण लिएको भए सो ऋणको सावां ब्याजको उठती, संचालन खर्च, मर्मत संभारखर्च, स्रोत संरक्षणको लागि गर्नु पर्ने खर्च र अन्य प्रशासनिक खर्चस मेतलाई बिचार गरी निर्धारण गर्नु पर्नेछ र नाफामुलक संस्थाले सेवा संचालन गरेको भएमा

त्यस्तो संस्थाले गरेको लगानीको उचित प्रतिफल समेत हिसाब गरी सेवाशुल्क वा महसूल निर्धारण गर्नु पर्नेछ।

(६) सेवाप्रदायकले नेपाल सरकारको नीति वा निर्देशन बमोजिम कुनै बिपन्न वा निर्दिष्ट उपभोक्ता बर्गलाई सेवाशुल्क वा महसूल दरमा पुरै वा आंशिक छुट दिनु पर्ने भएमा त्यसरी छुट दिइएको रकम नेपाल सरकारले सोधभर्ना दिनेछ र नेपाल सरकारले सोधभर्ना नदिने अवस्थामा त्यस्तो रकम अन्य बर्गका उपभोक्ताहरुको सेवाशुल्क वा महसूल दरमा समायोजन गर्न दिइनेछ।

(७) सेवाशुल्क वा महसूल दर निर्धारण गर्ने, उठाउने तथा थप दस्तुर लगाउने सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. सेवाप्रदायकले सार्वजनिक सुनुवाई गराउनु पर्ने:

(१) सेवाप्रदायकले आफुले प्रदान गरिरहेको सेवा सम्बन्धमा उपभोक्ताहरुको गुनासा र सुझावहरु सङ्कलन गर्ने, सो बारे आफुले प्रस्ट्याउन र आफनो सेवामा सुधार ल्याउन सम्बन्धित स्थानिय निकाय, गैरसरकारी संस्था, संचार संस्था तथा उपभोक्ताहरुको सहभागिता हुने गरी कम्तीमा वर्षको एक पटक सार्वजनिक सुनवाई गर्नु पर्नेछ।

(२) सेवाको शुल्क वा महसूल बृद्धि गर्नु पर्दा वा सेवा संचालनमा तात्विक असर पार्ने कुनै महत्वपूर्ण निर्णय लिनु पर्दा समेत सेवा प्रदायकले उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

२८. सेवाप्रदायकले आवश्यक शर्त तोक्न सक्ने :

सेवाप्रदायकले आफूले प्रदान गरेको सेवालाई नियमित र ब्यवस्थित गर्न आवश्यक निर्देशिका बनाई सेवा उपयोग गर्ने उपभोक्ताले पालना गर्नु पर्ने शर्तहरु तोक्न सक्नेछ।

तर त्यस्तो शर्त तोक्दा कसैलाई पनि सेवा उपयोग गर्नबाट वञ्चित गर्नेवा; सेवा उपयोगमा भेदभाव गर्ने वा सेवा उपयोग मा निरुत्साहित गर्ने प्रकृतिको हुनु हुने छैन।

२९. धारा तथा मिटर जडान सम्बन्धी व्यवस्था:

(१) सेवाप्रदायकले खानेपानी सेवा उपलब्ध गराउने तथा सेवा उपलब्ध गराए वापतको महसूल निर्धारण गरी उठाउने प्रयोजनको निमित्त उपलब्ध गराइएको खानेपानीको मापन गर्न सकिने गरी उपभोक्तालाई धारा जडान गर्न तथा मिटर राख्न लगाउन सक्नेछ।

तर कुनै प्राविधिक कारणले कुनै उपभोक्ताको धारामा मिटर जडान गर्न उपयुक्त नहुने भएमा बिना मिटर वा अन्य उपयुक्त ब्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउन वाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम धारा तथा मिटर सेवाप्रदायकले नै जडान गर्न पर्ने भएमा त्यसको लागि आबश्यक सामानको मुल्य सहित जडान खर्च तोकिए बमोजिम सेवाप्रदायकले उपभोक्ताबाट असुल उपर गर्न पाउनेछ।

तर जन सहभागितामा निर्मित आयोजनामा साबिकका उपभोक्ता सरह अग्रिम नगद वा श्रम सहयोग उपलब्ध नगराए बापत वा सेवा महसूलमा आयोजनामा कुनै वित्तिय संस्थाबाट लगानी भएको ऋण र ब्याज उठती समेत समावेश गरी तिरि सकेको रकमतिर्न नपरे बापत सेवाप्रदायकले नयां उपभोक्ताबाट तोकिए बमोजिम थप जडान दस्तुर असुल उपर गर्न पाउनेछ।

(३) धारा तथा मिटर जडान सम्बन्धी अन्य ब्यवस्था र धारा तथा मिटर जडान खर्च वा बिना मिटर उपलब्ध गराइएको सेवाको महसूल निर्धारण सम्बन्धी ब्यवस्था तोकि एबमोजिम हुनेछ।

(४) माथि उपदफा (३) बमोजिम खानेपानी सेवाको महसूल निर्धारण गर्दा उपभोक्ताबाट सरसफाइ सेवाको महसूल समेत समायोजन गरी असुल उपर गरिलिने ब्यवस्था गर्न सकिनेछ।

३०. <u>अतिरिक्त दस्तुर लगाउन सक्ने</u>:

(१) उपभोक्तालाई नियमित सेवा भन्दा फरक वा थप सेवा उपलब्ध गराइएमा त्यस्तो उपभोक्ताबाट सेवा प्रदायकले तोकिए बमोजिम अतिरिक्त शुल्क वा दस्तुर लगाई असूल उपर गर्न सक्नेछ।

(२) उपभोक्ताले सेवा उपयोग गरे वापत तिर्नु पर्ने महसूल निर्धारित समय भित्र नतिरेमा त्यस्ता उपभोक्ताबाट सेवाप्रदायकले तोकिए बमोजि मअतिरिक्त शुल्क लगाई असुल उपर गर्न पाउनेछ।

(३) यस दफा बमोजिम सेवा प्रदायकले लिन पाउने अतिरिक्त सेवाशुल्क वा दस्तुरको दर सेवा महसूल दर स्विकृत गर्ने नियमन निकायबाट स्विकृत गराउनु पर्ने भएमा त्यस्तो स्वीकृति लिनु पर्नेछ।

३१. <u>सेवा वन्द वा निलम्वन गर्न सक्ने:</u>

(१) सेवाप्रदायकले समयमा महसूल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा अनिबार्य रुपमा पालना गर्नु पर्ने शर्तको उलंघन गर्ने उपभोक्ताको सेवा पूर्व सूचना दिई वन्द वा निलम्वन गर्न सक्नेछ।

(२) खानेपानी र सरसफाइ सेवा प्रदान गर्नेसे वाप्रदायक फरक संस्था भएमा दुबै संस्थाले आपसी समझदारीमा सेवालाई नियमित गराउने, निलम्बन गर्ने वा बन्द गर्ने ब्यवस्था गर्न सक्ने छन्।

(३) उपदफा (१) बमोजिम सेवा वन्द वा निलम्वन गरिएकोमा सम्बन्धित उपभोक्ताले महसूल बुझाई सेवा खुला गरिदिन निवेदन दिएमा सेवाप्रदायकले तोकिए बमोजिमको थप दस्तुर लिई सेवा खुला गरिदिन सक्नेछ।

(४) सेवाको दुरुपयोग वा शर्तको उल्लंघनको कारणले सेवा बन्द वा निलम्ब नगरेकोमा त्यस्तो कार्य नदोहोरिने प्रतिबद्धता सहित तोकिए बमोजिम निबेदन दिएमा सेवाप्रदायकले सेवा सुचारु गरिदिन सक्नेछ।

तर सेवाको दुरुपयोग वा शर्त उल्लंघन गरेको कारणबाट कुनै हानी नोक्सानी भएको भए सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सकिनेछ।

(५) यसदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए ता पनि सेवा निलम्बन वा बन्द हुनु अघि वा पछि सम्बन्धित उपभोक्ताले समयमा महसूल बुझाउन नसकेको उचित कारण देखाई निबेदन दिएमा र कारण उचित देखिएमा

सेवाप्रदायकले तोकिए बमोजिम निर्धारित सेवाशुल्क वा महसूल रअतिरिक्त शुल्क वा महसूल पूर्ण वा आंशिक छुट दिन सक्नेछ।

३२. सेवाप्रदायकले प्रदान गरेको सेवाको सुपरिवेक्षण तथा अनुगमन:

(१) विभाग वा तोकिएको अधिकारी वाप्र चलित कानून बमोजिम तोकिएको नियमन निकायले सेवाप्रदायकले प्रदान गरेको सेवाको सुपरिवेक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सुपरिवेक्षण तथा अनुगमन गर्दा सेवाप्रदायकले प्रदान गरेको सेवा निर्धारित गुणस्तर तथा मापदण्ड अनुरुपको भए नभएको र सेवा सञ्चालन गर्दा सर्बमान्य विधी र प्रकृया पालना भए नभएको सम्बन्धमा समेत सुपरिवेक्षण तथा अनुगमन गरिनेछ।

(३) उपदफा (२) बमोजिम सुपरिबेक्षण तथा अनुगमन गर्ने क्रममा सेवाप्रदायकबाट वितरित खानेपानी वा निस्कासन गरिएको फोहरपानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सकिनेछ।

(४) यस दफा बमोजिम अनुगमनको क्रममा कुनै कुरा सुधार गर्न आवस्यक देखिएमा वा उपदफा (३) बमोजिम लिईएको नमुना परीक्षण गर्दा निर्धारित मापदण्ड वा गुणस्तर अनुसार नपाईएमा वा सेवा सम्बन्धी सर्बमान्य विधि वा प्रकृया पालन भएको नपाइएमा तत्काल सुधार गर्न सम्बन्धित सेवाप्रदायकलाई आदेश वा निर्देशन दिन सकिनेछ।

(५) उपदफा (४) बमोजिम दिएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सेवाप्रदायकको कर्तब्य हुनेछ।

३३. औद्योगिक उपयोगको लागि खानेपानीको ब्यवस्था:

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए ता पनि औद्योगिक उपयोगको लागि सामान्यत: खानेपानी आपूर्तिको ब्यवस्था औद्योगिक संस्था आफैले गर्नु पर्नेछ।

तर सेवाप्रदायक सक्षम भएमा औद्योगिक संस्था र सेवाप्रदायक वीच सहमति गरी सेवा लिनदिन वाधा पर्ने छैन।

३४. सेवाप्रदायकहरु बिच थोकमा पानी खरिद बिक्रि: सेवाप्रदायकहरुले आपसी सहमतिको आधारमा घरायसी तथा संस्थागत उपयोगको लागि प्रशोधित वा अप्रशोधित पानी थोकमा खरिद बिक्रि गर्न सक्ने छन्।

३५. औद्योगिक फोहरपानीको ब्यवस्थापन:

औद्योगिक उपयोग पश्चात निस्कने फोहरपानीको ब्यवस्थापन सम्बन्धित संस्था आफैले गर्न पर्नेछ।

तर सम्बन्धित सेवाप्रदायकसंग सहमति गरी औद्योगिक फोहरपानीको सम्बन्धमा यस ऐन वा प्रचलित कानून बमोजिम कुनै गुणस्तर मानक तोकिएको भएमा सोहि बमोजिम कायम गरी ढलनिकास प्रणालीबाट सुरक्षित बिसर्जन गर्ने जिम्मा सेवाप्रदायकले लिन सक्नेछ।

३६ अन्य सेवाक्षेत्रको फोहरपानीको सुरक्षित विसर्जन र ब्यवस्थापन:

सेवाप्रदायकले आपसी सहमतिको आधारमा अन्य सेवाप्रदायकको सेवाक्षेत्रबाट निस्काशन हुने फोहरपानीको सुरक्षित विसर्जन वा पुनर्उपयोग गरी ब्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद-५

## सरफाइ सेवा सम्बन्धी ब्यवस्था

३७. खानेपानी तथा सरसफाइ आयोजना एकिकृत रुपमा संचालन गर्नु पर्ने:

कुनै पनि निकायले खानेपानी सेवा उपलब्ध गराउने उद्देश्यले आयोजना कार्यान्वयन गर्दा कम्तीमा आधारभुत सरसफाइ सेवा समेत उपलब्ध गराउने गरी एकिकृत रुपमा आयोजना कार्यान्वयन गर्नु पर्नेछ।

तर यस्ले पृथक रुपमा सरसफाइ आयोजना मात्र निर्माण तथा संचालन गर्न बाधा पारेको मानिने छैन।

३८. सरसफाइ सेवा सम्बन्धी जिम्मेवारी स्थानीय निकायको हुने:

(१) स्थानीय निकायले आफ्नो भौगोलिक क्षेत्र भित्र सरसफाइ सम्बन्धी प्रवर्धन कार्यक्रम सञ्चालन गरी स्थानीय वासिन्दालाई स्वास्थ्य र सरसफाइ प्रति सजग गराई घरेलु, तथा संस्थागत चर्पी निर्माण, मानव मलमुत्रको स्थलगत सञ्चय गर्ने सेप्टीक ट्याङ्कवा त्यस्तै अन्य संयन्त्र निर्माण, र त्यस्तो संयन्त्रबाट निस्काशन हुने फोहरपानीको स्थलगत भुमिगत सोचन संयन्त्र बनाउन अनिवार्य गर्न सक्नेछ।

तर यसरी अनिवार्य गर्दा आर्थिक रुपमा बिपन्न बर्गले निजी चर्पी, सेप्टीक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्र बनाउन नसक्ने भएमा स्थानीय निकायले सो बनाउनको लागि आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम चर्पी र अन्य संयन्त्र बनाउन अनिवार्य गरेपछि स्थानीय निकायले आफ्नो क्षेत्रलाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरी खुल्ला तथा सार्बजनिक ठाउंमा दिशापिसाब गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) स्थानीय निकायले आफ्नो क्षेत्रमा मानिसहरुको आवागमनको चाप बिचार गरी सार्बजानिक चर्पी र अन्य संयन्त्र बनाउनु पर्नेछ।

(४) फोहरपानीको सङ्कलन, तथा सुरक्षित विसर्जन वा पुनर्उपयोग गरी ब्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय निकायको हुनेछ।

तर स्थानीय निकायले फोहरपानीको पुनःप्रयोग सम्बन्धित घरपरिसर भित्रै भुमिगत सोचन वा अन्य उपयुक्त प्रविधिबाट ब्यवस्थापन गर्ने प्रबन्ध गराउन सक्नेछ।

(५) आफ्नो क्षेत्र भित्र सेप्टिक ट्यांक वा त्यस्तै अन्य संयन्त्रबाट आवधिक निकालिने मानव मलमूत्र सङ्कलन, ढुवानीर सुरक्षित विसर्जन वा पुनर्उपयोग गर्ने जिम्मेवारी स्थानीय निकायको हुनेछ।

तर स्थानीय निकायले त्यस्तो संयन्त्रबाट आवधिक निस्काशन हुने मानव मलमुत्रको सम्बन्धित घरपरिसर भित्रै खाल्डो खनि सुरक्षित स्थलगत बिसर्जन गर्ने प्रबन्ध गराउन सक्नेछ।

(६) स्थानी यनिकायले सरसफाइ सम्बन्धी ब्यवस्था गर्दा स्थानीय बासिन्दाको सहभागितामा वा निजी सार्बजानि कसाझेदारीमा निर्माण गर्न वा निजी क्षेत्रको लगानीमा निर्माण तथा सञ्चालन गर्ने गरी ब्यवस्था गर्न सक्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए ता पनि अन्य कुनै निकायले निर्माण गरेको सरसफाइ सेवा सम्बन्धि संरचनाको संचालन र ब्यवस्थापनको जिम्मेवारी कुनै निकायमा न रहेमा त्यस्तो संरचना वा सेवाप्रणाली सम्बन्धित स्थानीय निकायले आफैले जिम्मा लिई सञ्चालन र ब्यवस्थापन गर्नेछ।

## परिच्छेद-६

## कसूर तथा सजाय :

३९. कसूर:

कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) खानेपानी वा सरसफाइ सेवामा बाधा अवरोध पुर्‍याउने उद्‌देश्यले सेवाप्रणालीमा असर पर्ने गरी त्यसको कुनै संरचना भत्काउने, संरचनामा जडित पाईप, सामान तथा उपकरण चोरी गर्ने, बिगार्ने, भत्काउने वा नष्ट गर्ने जस्ता कार्यगरेमा;

(ख) खानेपानी वा सरसफाइ आयोजना निर्माणमा बाधा अवरोध पुर्‍याउने उद्‌देश्यले आयोजनासंग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काउने वा बिगार्ने वा हटाउने वा अन्य कुनै प्रकारले क्षति पुर्‍याएमा;

(ग) जलाधार क्षेत्र भित्र खानेपानी प्रदूषित हुने गरी वा पानीको परिमाण वा प्रवाहमा असर पर्ने गरी कुनै कार्य गरेमा;

(घ) खानेपानी वा सरसफाइ आयोजना वा सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काउने वा बिगार्ने वा हटाउने वा अन्य कुनै प्रकारले क्षति पुऱ्याउने कार्य गरेमा;

(ङ) राष्ट्रीय मापदण्डमा तोकिएको गुणस्तर बिपरित हुने गरी औद्योगिक फोहरपानी ढलनिकास प्रणालीमा विसर्जन गरेमा;

(च) सेवाप्रदायकले नेपाल सरकारले तोकेको गुणस्तर अनुसार सेवा स्तर कायम नगरेमा;

(छ) सेवाप्रदायकले फोहर पानी विसर्जन गर्दा निर्धारित मापदण्ड पुरा नगरी विसर्जन गरेमा;

(ज) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा;

(झ) सेवा प्रदान गर्ने योजनको लागि जडित धारा, मिटर वा अन्य त्यस्तै उपकरण बिगार्ने वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा; र

(ञ) यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम गर्न पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

४०. <u>सजायंः</u>

देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ३९ को खण्ड (क) वा (ख) बमोजिमको कसूर गर्ने ब्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रा हेरी पचास हजार रुपियाँ सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुबै सजाय गर्न सक्नेछ। त्यस्तो कसूरबाट भएको हानी नोक्सानी वा क्षति समेत निजबाट भराई दिनेछ।

(ख) दफा ३९ को खण्ड (ग) बमोजिमको कसूर गर्ने ब्यक्ति लाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रा हेरी पच्चिस हजार रुपैया सम्म

जरिवाना वा तीन महिना सम्म कैद वा दुबै सजाय गर्न सक्नेछ। त्यस्तो कसूरबाट भएको हानी नोक्सानी वा क्षति समेत निजबाट भराई दिनेछ।

(ग) दफा ३९ को खण्ड (घ) बमोजिमको कसूर गर्ने ब्यक्तिलाई सम्बन्धित स्थानीय निकायले कसूरको मात्रा हेरी दश हजार रुपियाँ सम्म जरिवाना गर्न सक्नेछ र भत्काएको, बिगारेको वा क्षति पुऱ्याएको संरचना वा सामान बनाउन लगाउन वा सो क्षति बराबरको रकम भराई दिन सक्नेछ।

(घ) दफा ३९ को खण्ड (ङ) बमोजिमको कसूर गर्ने ब्यक्तिलाई सम्बन्धित स्थानीय निकायले कसूरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना गरी मापदण्ड अनुसारको गुणस्तर कायम नगरे सम्म ढलसेवा बन्द गर्न सकनेछ।

(ङ) दफा ३९ को खण्ड (च) वा (छ) बमोजिमको कसूर गर्ने सेवाप्रदायकलाई सम्बन्धित स्थानीय निकायले कसूरको मात्रा हेरी एक लाख रुपियां सम्म जरिवाना गरी त्यस्तो कार्य बन्द गराउन सक्नेछ।

(च) दफा ३९ को खण्ड (ज) बमोजिमको कसूर गर्ने ब्यक्तिलाई सम्बन्धित स्थानीय निकायले कसूरको मात्रा हेरी दश हजार रुपियां सम्म जरिवाना गरी त्यस्तो कार्य बन्द गराउन सक्नेछ।

(छ) दफा ३९ को खण्ड (झ) बमोजिमको कसूर गर्ने ब्यक्तिलाई सम्बन्धित स्थानीय निकायले कसूरको मात्रा हेरी दश हजार रुपियाँ सम्म जरिवाना गरी सो कसुरबाट सेवाप्रदायक वा अरु कसैलाई कुनै हानी नोक्सानी भएको रहेछ भने सो समेत दिलाई भराई दिन सक्नेछ।

(ज) दफा ३९ को खण्ड (ञ) बमोजिमको कसूर गर्ने ब्यक्तिलाई सम्बन्धित स्थानीय निकायले कसूरको मात्रा हेरी पाँच हजार रुपियां सम्म जरिवाना गर्न सकनेछ र कुनै नगर्न पर्ने कार्य गरेको भए तत्काल रोक्न र गर्न पर्ने काम नगरेको भएमा तुरुन्त गर्न लगाउन सक्नेछ।

४१. पुनरावेदन:

दफा ४० बमोजिम दिइएको सजायंको निर्णयमा चित्त नबुझ्ने ब्यक्तिले प्रमुख जिल्ला अधिकारीको निर्णय उपर भए सम्बन्धित पुनराबेदन अदालतमा र स्थानीय निकायको निर्णय उपर भए सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पुनराबेदन दिन सक्नेछ।

४२. सरोकारवालाले उजुरी दिन सकने:

दफा ४० बमोजिम सजाय हुने कसूरका सम्बन्धमा सो कसुरबाट मर्का पर्ने जोसुकैले उजुरी दिई मुद्दा चलाउन सक्नेछ।

४३. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:

यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।

## परिच्छेद-७

## विविध

४४. नेपाल सरकारले खानेपानीको गुणस्तर मानक तोक्न सक्ने:

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकासन गरी सेवाप्रदायकले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउदा कायम राख्नु पर्ने गुणस्तरको मानक तोकिदिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तरको मानक नतोकिए सम्म प्रचलित कानून बमोजिम पिउन योग्य पानीको लागि निर्धारण गरिएको गुणस्तर कायम रहनेछ।

४५. नेपाल सरकारले विसर्जन गरिने फोहरपानीको गुणस्तर तोकन सक्ने:

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकासन गरी सेवाप्रदायकले फोहरपानी सतहगत वा भुमिगत पानीको स्रोतमा वा कृषि योग्य जमिनमा विसर्जन गर्दा कायम राख्नु पर्ने गुणस्तर मानक तोकिदिन सक्नेछ र यसरी गुणस्तर मानक

तोक्दा फरक-फरक भौगोलिकक्षेत्र वा स्थानको लागि फरक-फरक गुणस्तर तोक्न र चरणबद्धरुपमा लागु गर्न सक्नेछ।

४६. नेपाल सरकारले विसर्जन गरिने मानव मलमुत्रको गुणस्तर तोक्न सक्ने:

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकासन गरी सेवा प्रदायकले सेप्टीक ट्यांङ्क वा त्यस्तै अन्य संयन्त्रबाट निस्काशित हुने मानव मलमुत्र सार्वजनिक जग्गामा वा कृषि योग्य जग्गामा बिसर्जन गर्दा कायम राख्नु पर्ने गुणस्तरको मानक तोकि दिन सक्नेछ र यसरीतो केको गुणस्तर मानक फरक-फरक भौगोलिक क्षेत्र वा स्थानमा चरणबद्ध रुपमा लागु गर्न सक्नेछ।

४७. नेपाल सरकारले ढलनिकास प्रणालीमा मिसाउने औद्योगिक फोहरपानीको गुणस्तर मानक तोक्ने सक्ने:

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकासन गरी औद्योगिक फोहरपानी ढलनिकास प्रणालीमा मिसाउंदा कायम राख्नु पर्ने गुणस्तर मानक तोकिदिन सक्नेछ र यसरी गुणस्तर मानकतो क्दा फरक-फरक भौगोलिक क्षेत्र वा स्थानकोला गि फरक-फरक गुणस्तर तोक्न र चरणबद्ध रुपमा लागु गर्न सक्नेछ।

४८. नेपाल सरकारले संरचनाहरुको डिजाइन मापदण्ड तोक्न सक्ने:

(१) नेपाल सरकारले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने प्रयोजनको लागि निर्माण गरिने संरचनाहरुको डिजाइन मापदण्ड तोक्न सक्नेछ।

(२) आयोजना निर्माण गर्ने निकाय वा सेवाप्रदायकले आयोजना कार्यान्वयन गर्दा उपदफा (१) बमोजिम तोकिएको डिजाइन मापदण्ड अनुसरण गर्नु गराउनु पर्नेछ।

(३) उपदफा (२) माजु नसुकै कुरा लेखिएको भएतापनि तोकिएको डिजाइन मापदण्ड अनुसरण गर्न उपयुक्त नहुने पर्याप्त कारण देखिएमा डिजाइन प्रतिबेदनमा सोकुरा स्पष्ट उल्लेख गरी डिजाइनमा आवश्यक हेरफेर गर्न सकिनेछ।

४९. नेपाल सरकारले सेवाको स्तर तोकन सक्ने:

(१) नेपाल सरकारले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने प्रयोजनको लागि कार्यान्वयन भएका आयोजनाहरुको निर्माण सम्पन्न भएपछि त्यस्तो आयोजनाको सेवाप्रणालीबाट प्रदान गरिने सेवाको गुणस्तरको आधारमा वर्गिकरण गर्न सक्नेछ।

(२) आयोजना निर्माण गर्ने निकायले आयोजना तर्जुमा र डिजाईन गर्दा आयोजना सम्पन्न भए पछि प्रदान गरिने सेवाको स्तर निर्धारण गर्नु पर्नेछ।

५०. <u>नेपाल सरकारले समन्वय समिति गठन गर्न सक्ने:</u>

(१) नेपाल सरकारले सेवा सम्बन्धी आयोजना तजुर्मा, कार्यान्वयन तथा सञ्चालन सम्बन्धमा सरकारी निकाय, दातृसंस्था, आयोजना कार्यान्वयन गर्ने संस्था, सम्बन्धित स्थानीय निकाय तथा अन्य सरोकारवाला बीच समन्वय गर्न गराउन आवस्यकता अनुसार केन्द्र, क्षेत्र, जिल्ला तथा स्थानीय स्तरमा खानेपानी तथा सरसफाइ समन्वय समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितमा रहने सदस्य संख्या, गठन विधि तथा सो समितिको काम, कर्तब्य र अधिकार तथा समितिका सदस्यले पाउने भत्ता तथा सुबिधा सो समिति गठनगर्दा तोकिदिए बमोजिम हुनेछ।

५१. <u>सेवाको गुणस्तर कायम नरहेमा वा सेवा बन्द गर्दा सूचना दिनु पर्ने:</u>

(१) काबु बाहिरको परिस्थति उत्पन्न भई कुनै कारणले खानेपानी सेवाप्रणालीबाट उपलब्ध गराइ रहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर परेमा वा सेवा नै बन्द गर्नु पर्ने अवस्था परेमा सेवाप्रदायकले उपभोक्ताहरुलाई समयमै सो कुराको जानकारी गराउनु पर्नेछ।

(२) काबु बाहिरको परिस्थति उत्पन्न भई कुनै कारणले ढलनिकास सेवाप्रणालीबाट विसर्जन गरिएको फोहरपानीको गुणस्तर कायम रहन नसक्ने भएमा सेवाप्रदायकले समय मै सार्वजनिक सुचना प्रकासन गरी सो कुराको जानकारी सम्बन्धित स्थानीय निकाय र जिल्ला प्रशासनलाई गराउनु पर्नेछ।

५२. <u>चक्रकोषको स्थापना गर्न सकिने:</u>

(१) खानेपानी तथा सरसफाइ सेवाको प्रबर्धन, विकास र संचालनलाई ब्यवस्थित गर्न तथा सेवाको निरन्तरताको लागि आवश्यक सहयोग गर्न नेपाल सरकारले एक चक्रकोष स्थापना गरी संचालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ:

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) कोषमा रहेको रकम परिचालनबाट प्राप्त ब्याज वा प्रतिफल रकम,

(घ) कोषबाट भएको लगानी फिर्ता भुक्तानी बापत प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम खानेपानी तथा सरसफाइ सेवालाई नियमित तथा ब्यवस्थित गर्न र सेवाप्रणालीको निर्माण, पुन: निर्माण, सुधार वा बिस्तार गर्न उपयोग गरिनेछ।

(४) उपदफा (३) बमोजिम उपयोग गरिने रकमउपभोक्ता संस्था वा सेवाप्रदायकलाई सहुलियतपूर्ण ऋण वा अनुदानको रुपमा उपलब्ध गराईनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कोषले उपभोक्ता संस्था वा सेवाप्रदायकलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने प्रयोजनको लागि कुनै बैंक वा वित्तिय संस्थासंग ऋण लिन सक्नेछ।

(६) कोषले यस दफा बमोजिम कुनै स्वदेशी वा विदेशी संस्थाबाट कुनै खास प्रयोजनको लागि अनुदान वा सहयोग पाएमा त्यस्तो अनुदान वा सहयोगको रकम त्यस्तो सहयोग प्रापत गर्दाको संझौताको अधिनमा रहि सोहि प्रयोजनको लागि खर्च गर्नु पर्नेछ।

(७) कोषलाई चक्रकोष (रिभल्भिंग फण्ड) को रुपमा संचालन गरिनेछ।

(८) कोषको संचालन, ब्यवस्थापन र उपयोग सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

५३. <u>ट्याङ्करबाट खानेपानी सेवा प्रदान गर्ने सम्बन्धी व्यवस्था:</u>

(१) खानेपानीको पर्याप्त आपूर्ति नभएको वा खानेपानी सेवा नै उपलब्ध नभएको ठाउंमा ट्याङ्करबाट खानेपानी सेवा उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम ट्याङ्करबाट खानेपानी सेवा उपलबध गराउन चाहने सेवाप्रदायकले तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुंदाका बखत ट्याङ्करबाट खानेपानी सेवा उपलबध गराई रहेका ब्यक्तिले यो ऐन प्रारम्भ भएको छ महिना भित्र तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून अनुसार अनुमति प्राप्त सेवाप्रदायकले आफ्नो सेवाक्षेत्र भित्र ट्याङ्करबाट खानेपानी सेवा उपलब्ध गराउन यसै ऐन अन्तर्गत अनुमति लिए सरह मानिनेछ।

(५) ट्याङ्करबाट खानेपानी सेवा उपलब्ध गराउने सम्बन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. <u>जार वा बोतलबन्दी खानेपानीको बिक्री वितरण सम्बन्धी ब्यवस्था:</u>

(१) कसैले पानीलाई प्रशोधन गरेर जार वा बोतलबन्दी गरी खानेपानी बिक्री वितरण गर्न चाहेमा तोकिए बमोजिम तोकिएको अधिकारीको स्विकृति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि जार वा बोतलबन्दी गरी खानेपानी बिक्री वितरण गर्न प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा दर्ता भएको हुनु पर्नेछ।

(३) जार वा बोतलबन्दी गरी बिक्री गरिने खानेपानीको स्विकृति दिने कार्यविधि, बिक्री वितरण गरिने खानेपानीको गुणस्तर र तत्सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. <u>निजी वा सार्वजनिक घरजग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने</u>:

(१) सेवाप्रदायकले उपभोक्तालाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घरजग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको निजी घरजग्गामा पाईप बिछ्याउँदा वा सो सँग सम्बन्धित अन्य संचरना बनाउँदा सेवाप्रदायकले सो बापत सम्बन्धित घ-जग्गा धनीसंग त्यस्तो पाईप वा संरचनालाई बाधा पर्ने गरी कुनै काम नगर्ने लिखित सहमति गरी मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

तर सम्बन्धित घरजग्गा धनी क्षतिपूर्ति लिई पाईप बिच्छ्याउन वा सो सँग सम्बन्धित अन्य संचरना बनाउन दिई सहमति गर्न नमानेमा सेवाप्रदायकले प्रचलित कानून बमोजिम आवश्यक घर-जग्गा नेपाल सरकार मार्फत अधिग्रहण गरिलिन पर्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको निजी घरजग्गामा साबिक देखि बिच्छ्याई रहेको पाईप वा निर्माण भैरहेको संरचनाको मर्मत-संभार, बिस्तार वा पुनर्स्थापन गर्न असुबिधा पर्ने भए सेवाप्रदायकले अन्य बैकल्पिक ब्यवस्था गरी त्यस्तो व्यक्तिको निजी घरजग्गाबाट त्यस्तो पाईप वा संरचना हटाई दिन सक्नेछ।

(४) सेवाप्रदायकले बिच्छ्याएको पाईप वा संरचनाका कारणले सेवा संचालनका क्रममा कसैको निजी वा कुनै सार्वजनिक संपत्ति हानि नोक्सानि हुन गएमा कानून बमोजिम भएको हानि नोक्सानीको भर्पाई सेवा प्रदायकले गरिदिनु पर्नेछ।

५६. <u>घरजग्गामा प्रवेश गर्न सक्ने</u>:

सेवाप्रदायक वा यस ऐन बमोजिम अनुगमनको लागि खटिएको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा कुनै उपभोक्ताको घरजग्गामा प्रवेश गर्नु पर्ने भएमा सम्बन्धित ब्यक्तिलाई सोको जानकारी दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ।

तर कुनै ब्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घरजग्गामा प्रवेश गर्न जानकारी दिइ रहनु पर्ने छैन।

५७. आदेश वा निर्देशन दिन सक्ने:

नेपाल सरकारले उपभोक्ताहरुको हित र सुरक्षालाई ध्यानमा राखी आयोजना कार्यान्वयन गर्ने निकाय वा सेवाप्रदायकलाई आयोजना निर्माण सम्बन्धमा वा सेवा प्रदान गर्ने सम्बन्धमा आबश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ।

५८. नियम बनाउने अधिकार:

यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम हरु बनाउन सक्नेछ।

५९. निर्देशिका बनाई लागु गर्न सक्ने:

यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही विभागले आवश्यकता अनुसार निर्देशिका बनाई नेपाल सरकारको स्विकृति लिई लागु गर्न सक्नेछ।